# नेपाली विभाग

कक्षा ५ मा पाठ्यपुस्तकमा रहेका कथा विधाअन्तरगतका सम्पूर्ण शीर्षकहरुको अध्यापन कार्य सकिएको छ । कथा विधालाई आधार बनाएर **प्रथम त्रैमासिक परीक्षा** पनि लिइएको थियो । परीक्षाको नतिजा अभिभावकसामु पठाइसकिइएको छ । अहिले कविता विधाको अध्यापन कार्य चलिरहेको छ । विद्यार्थीहरुले पढ्दै गरेका कविता विधाअन्तरगतका पाठबाट **शब्दार्थ तालिका** निर्माण गरी प्रदर्शन पाटीमा राखिइको छ । विद्यार्थीहरुलाई पाठसँग सम्बन्धित् कविका अन्य एक एक कृति प्रकाशनमा गई ल्याउने, पढ्ने र नेपाली विभागमा जम्मा गर्ने गृहकार्य दिइएको छ ।

कक्षा ६ मा पाठ्यपुस्तकमा रहेका कविता र कथा विधाअन्तरगतका सम्पूर्ण शीर्षकहरुको अध्यापन कार्य सकिएको छ । यी दुई विधालाई आधार बनाएर **प्रथम त्रैमासिक परीक्षा** पनि लिइएको थियो । परीक्षाको नतिजा पनि अभिभावकसामु पठाइसकिइएको छ । अहिले प्रबन्ध विधाको अध्यापन कार्य चलिरहेको छ । विद्यार्थीहरुले पढ्दै गरेका प्रबन्धअन्तरगतका पाठबाट **शब्दार्थ तालिका** निर्माण गरी प्रदर्शन पाटीमा राखिइको छ ।

कक्षा ७ मा पाठ्यपुस्तकमा रहेका कविता र कथा विधाअन्तरगतका सम्पूर्ण शीर्षकहरुको अध्यापन कार्य सकिएको छ । यी दुई विधालाई आधार बनाएर **प्रथम त्रैमासिक परीक्षा** लिइएको र नतिजा पनि अभिभावकसामु पठाइसकिइएको छ । अहिले प्रबन्ध विधाको अध्यापन कार्य चलिरहेको छ । समाचारपत्र शीर्षकको पाठ अध्यापनका क्रममा विद्यार्थीहरुलाई उपत्यका भित्र प्राप्त हुने नेपाली भाषामा प्रकाशित विभिन्न पत्रपत्रिका सङ्कलन गर्ने कार्य दिइएको थियो । उक्त कार्यमा बडो उत्साहका साथ सबै विद्यार्थीले भाग लिई **दैनिक,साप्ताहिक,पाक्षिक** र **मासिक** समाचारपत्र सङ्कलन गरेका थिए । कक्षामा उक्त पत्रपत्रिका प्रदर्शन पनि गरिएको थियो ।

कक्षा ८ मा पाठ्यपुस्तकमा रहेका कविता र प्रबन्ध विधाअन्तरगतका सम्पूर्ण शीर्षकहरुको अध्यापन कार्य सकिएको छ । यी दुई विधालाई आधार बनाएर **प्रथम त्रैमासिक परीक्षा** लिइएको र नतिजा पनि अभिभावकसामु पठाइसकिइएको छ । अहिले कथा विधाको अध्यापन कार्य चलिरहेको छ । कथा अध्यापनका क्रममा विद्यार्थीहरुले '**मनु'** नामक कथाको समीक्षा लेखी कक्षामा प्रस्तुत गरेका थिए । उक्त **कथा समीक्षा**लाई नेपाली विभागको प्रदर्शन बोर्डमा राखिएको छ